लुम्बिनी प्रदेश सरकार

# आन्तरिक मामिला,कानून तथा सहकारी मन्त्रालय

राप्ती उपत्यका (देउखुरी), नेपाल

पत्र संख्या: ०७९/८०

चलानी नं. (सञ्चार शाखा)

## सूचना प्रकाशित मिति २०८०/०३/१२

"सञ्चारकर्मी सम्मान तथा पुरस्कार वितरण सम्वन्धि कार्यविधि,२०८० "बमोजिम "प्रदेशभित्र निष्पक्ष, खोजमुलक, विश्लेषणात्मक, उत्तरदायी र व्यवसायिक पत्रकारिताका माध्यमवाट लुम्बिनी प्रदेशको विकास र समृद्धिमा योगदान पुऱ्याउन तथा जनतालाई सुसूचित गर्न महत्वपूर्ण योगदान पुऱ्याएका संचारकर्मीहरुलाई पुरस्कृत र सम्मान गर्ने प्रयोजनार्थ सात(७) दिनको यो सूचना प्रकाशन गरिएको छ । योग्य व्यक्तिहरुले ऐ.ऐ. कार्यविधिको अनुसूची १ बमोजिमको ढाँचामा निवेदन र अनुसूची २ बमोजिमको स्वघोषणा पत्र सहित निर्धारित समय भित्र यस मन्त्रालयमा निवेदन पेश गर्नु हुन संबद्ध सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । विस्तृत जानकारीको लागि यस मन्त्रलयको वेवसाईट हेर्नुहुन अनुरोध छ।

# संचारकर्मी सम्मान तथा पुरस्कार वितरण सम्बन्धी कार्यविधि, २०८०

आन्तरिक मामिला ,कानून तथा सहकारी मन्त्रालय

लुम्बिनी प्रदेश, बुटवल ।

# संचारकर्मी सम्मान तथा पुरस्कार वितरण सम्बन्धी कार्यविधि,२०८०

**प्रस्तावनाः** प्रदेश भित्र निष्पक्ष, खोजमूलक, विश्लेषणात्मक, उत्तरदायी र व्यवसायिक पत्रकारिताका माध्यमबाट लुम्बिनी प्रदेशको विकास र समृद्धिमा योगदान पुऱ्याउन तथा जनतालाई सुसूचित गर्न महत्वपूर्ण योगदान पुऱ्याएका सचारकर्मीहरुलाइ पुरस्कृत र सम्मान गर्न बाञ्छनीय भएकोले प्रदेश विनियोजन ऐन २०७९ को दफा ९(१) ले दिएको अधिकार प्रयोग गरी आन्तरिक मामिला, कानून तथा सञ्चार मन्त्रालयले यो कार्यविधि बनाएको छ ।

**प्रारम्भिक**

१.**संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "**संचारकर्मी सम्मान तथा पुरस्कार वितरण सम्बन्धी कार्यविधि,२०८०**" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

(३) यो कार्यविधि लुम्बिनी प्रदेश भर लागु हुनेछ ।

२. **परिभाषाः** (१) विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "**मन्त्रालय**" भन्नाले आन्तरिक मामिला कानून तथा संचार मन्त्रालय सम्झनुपर्छ

(ख) "**पुरस्कार**" भन्नाले बातावरण संरक्षण पत्रकार पुरस्कार सम्झनुपर्छ ।

(ग) "**सम्मान**" भन्नाले लुम्बिनी प्रदेशमा कार्यरत संचारकर्मी सम्मान सम्झनुपर्छ ।

(घ) "**समिती**" भन्नाले दफा ४ बमोजिमको सिफारिस समिती सम्झनुपर्छ ।

(ङ) "**संयोजक**" भन्नाले समितीको संयोजक सम्झनुपर्छ र सो शब्दले संयोजकको अनुपस्थितिमा संयोजकको रुपमा काम गर्ने सदस्यलाई समेत जनाउँछ ।

३. **सूचना प्रकाशन र निवेदन मागः** (१) पुरस्कार र सम्मानको लागि पत्रकारहरुबाट निवेदन माग गर्न मन्त्रालयले ७(सात) दिनको समय दिइ राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशन गर्नु पर्नेछ र त्यस्तो सूचना मन्त्रालयको वेबसाइट तथा सूचना पाटीमा राख्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम सूचनामा तोकेको म्याद भित्र दफा ६ बमोजिमको योग्य निवेदकले अनुसूची-१ बमोजिमको ढाँचामा निवेदन र अनुसूची-२ बमोजिमको स्वःघोषणा पत्र सहित मन्त्रालयले तयार गरेको विद्युतिय माध्यमबाट प्रविष्टि वा मन्त्रालयमा निवेदन पेश गर्नु पर्नेछ ।

४. **पुरस्कार र सम्मान सिफारिस समितिको गठनः** (१) पुरस्कार प्रदान गर्ने प्रयोजनका लागि संचारकर्मीको नाम सिफारिस गर्न मन्त्रालयमा देहाय बमोजिमको एक सिफारिस समिती हुनेछः

(क) सचिव, आन्तरिक मामिला,कानून तथा संचार मन्त्रालय - संयोजक

(ख) अधिकृत दसौं/नवौं, मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय - सदस्य

(ग) महाशाखा प्रमुखहरु, मन्त्रालय - सदस्य

(घ) पत्रकार महासंघ,लुम्बिनी प्रदेश समिति अध्यक्ष वा निजले तोकेको प्रतिनिधी - सदस्य

(ङ) संचार समन्वय परिषद (लुम्विनी प्रदेश) अध्यक्ष वा निजले तोकेको प्रतिनिधी - सदस्य

(च) प्रमुख, संचार शाखा मन्त्रालय -सदस्य-सचिव

(२) समितिले बैठकमा आवश्यकता अनुसार पत्रकारिता विषयका विज्ञलाई आमन्त्रण गर्न सक्नेछ ।

(३) उपदफा (१) को खण्ड (ङ) बमोजिमको सदस्य तोक्दा सम्मान तथा पुरस्कारको लागि आवेदन नदिएको प्रतिनिधि तोक्नु पर्नेछ ।

(४) समितीको बैठक सम्बन्धी कार्यविधि समिती आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

५. **समितिको काम, कर्तव्य र अधिकारः** (१) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) दफा ३ को उपदफा (२) बमोजिम प्राप्त भएका निवेदन र कागजात जाँच गरी संचारकर्मीको नाम र योगदान सहितको अभिलेख तयार गर्ने,

(ख) समितिले देहाय बमोजिम सम्मान तथा पुरस्कारका लागि मन्त्रालय समक्ष नाम सिफारिस गर्ने

१) अग्रज संचारकर्मी १ (एक) जना

२) श्रृजनसील संचारकर्मी ३ (तीन) जना

३) बातावरण संरक्षण पत्रकार पुरस्कार १ (एक) जना

६. **पुरस्कार तथा सम्मान सिफारिसको आधारः** (१) समितिले पुरस्कार तथा सम्मानका लागि पत्रकारको नाम सिफारिस गर्दा लुम्बिनी प्रदेशमा क्रियाशिल मध्येबाट देहाय बमोजिमका आधारमा गर्नु पर्नेछः-

(क) नेपाली नागरिक,

(ख) अग्रज पत्रकार सम्मानको लागि-पत्रकारिता पेशामा आबद्ध भई लुम्बिनी प्रदेशको आर्थिक,भौतिक,सामाजिक तथा साँस्कृतिक विकासमा अनुसुन्धानमूलक लेख,रचना वा श्रव्य दृश्य कार्यक्रमको माध्यमबाट प्रदेशलाई राष्ट्रिय तथा अन्तराष्ट्रिय क्षेत्रमा चिनाउन योगदान पुऱ्याएको वरिष्ठ पत्रकार कम्तीमा दुई दशक भन्दा बढी यो पेशामा संलग्न रहेको,

(ग) श्रृजनशील पत्रकार सम्मान- छापा,प्रशारण तथा अनलाइन जस्ता कुनै पनि प्रकृतिका आमसञ्चारका माध्यम सँग आबद्ध रही क्रियाशील रहेका समाचार संकलन,उत्पादन,सम्पादन,सम्प्रेषण,समाचार लेखन-पुर्नलेखन गर्ने कार्यका साथै नियमित

स्तम्भ लेखक,कार्टुनिष्ठ,फोटो पत्रकार,प्रेस क्यामेरा पर्शन,समाचार तथा समाचारमूलक कार्यक्रम निर्माता तथा सञ्चालक,समिक्षक,श्रव्य,दृश्य सम्पादक ।

(घ) वाताबरण संरक्षण पुरस्कार- लुम्बिनी प्रदेशको वन तथा वातावरण संरक्षण र विपद व्यवस्थापनको क्षेत्रमा सूचना सङ्कलन तथा सम्प्रेषणमा क्रियाशील रहेको,

(ङ) वाताबरण संरक्षण पुरस्कार तथा श्रृजनशील पत्रकारीता सम्मान प्राप्त गर्नको लागि सो क्षेत्रमा कम्तीमा ७(सात) बर्ष काम गरेको,

(च) फौजदारी कसुरमा अदालतबाट दोषी ठहर नभएको,

(छ) पत्रकारिता आचार संहिता उल्लघंन नगरेको,

(ज) प्रेस काउन्सिलबाट कुनै पनि प्रकारको कारवाही नभएको ।

(२) उपदफा (१) बमोजिमका आधारमा समितीले मूल्याङ्कन गर्दा सामाजिक समावेशीता र भौगोलिकतालाई समेत आधार बनाउनु पर्नेछ ।

७. <u>पुरस्कारको स्वीकृति तथा वितरणः</u> (१) समितिले सिफारिस गरेका सम्मान तथा पुरस्कार प्राप्त गर्न योग्य पत्रकारको नाम मन्त्रालयले स्वीकृत गर्नेछ ।

(२) उपदफा(१) बमोजिमको पुरस्कार तथा सम्मानको लागि सिफारिस गरेका पत्रकारलाई मन्त्रालयले महत्वपूर्ण अवसर,दिवस वा मिति तोकी पुरस्कृत गर्नेछ ।

८. <u>पुरस्कारको रकमः</u> (१) पत्रकार सम्मान तथा पुरस्कार वापत देहाय बमोजिम सम्मान तथा पुरस्कार गरिनेछ ।

(क) अग्रज संचारकर्मी सम्मान रु.१ लाख १ (एक) जनालाई

(ख) श्रृजनशील संचारकर्मी सम्मान जनही ५० हजार का दरले ३ (तीन) जनालाई

(ग) वाताबरण संरक्षण पत्रकार पुरस्कार जनही रु.५० हजार का दरले १ (एक) जनालाई

(२) उपदफा (१) को खण्ड (ग) बमोजिमको रकममा प्रचलित कानून बमोजिम कर लाग्ने छ।

९. <u>बाधा अडकाउ फकाउन सक्नेः</u> यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ उत्पन्न भएमा मन्त्रालयले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ

## अनुसूची-१

### दफा ३ को उपदफा (२) सँग सम्बन्धित

<u>संचारकर्मी सम्मान तथा पुरस्कारको लागि पेश गर्ने निवेदन ढाँचा</u>

श्री आन्तरिक मामिला,कानून तथा सञ्चार मन्त्रालय,
मुकामःबुटवल ।

संचारकर्मी सम्मान तथा पुरस्कार वितरण कार्यविधि,२०८० बमोजिम प्रदेश संचारकर्मी सम्मान तथा पुरस्कार प्राप्त गर्न देहायको विवरण सहित यो निवेदन पेश गरेको छुः-

(१) निवेदकको नामः-

(२) ठेगानाः-

(३) सम्पर्क नम्बरः-

(४) मितिः-

<u>संलग्न कागजातहरुः</u>

(१) नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी,

(२) पत्रकारिता पेशामा आबद्ध भएको प्रमाण खुल्ने प्रमाणित कागजात,

(३) दफा ६ को उपदफा (१) को खण्ड (ख),(ग),(घ) वा (ङ) मा उल्लेख भएका आधार पुष्टी गर्ने लेख रचना वा श्रव्य दृश्य कार्यक्रमको अभिलेख,

(४) स्वः घोषणा-पत्र

(५) व्यक्तिगत विवरण(बायोडाटा)

(६) आफू लुम्बिनी प्रदेशमा रहि क्रियाशिल रहेको आधार खुल्ने प्रमाण

(७) आफू लुम्बिनी प्रदेशमा क्रियाशिल रहि आमसंचारको माध्यमबाट प्रदेशको विकास र संमृद्धिमा पुर्याएको योगदान

<u>निवेदक</u>
नामः-
हस्ताक्षरः-
ठेगानः-
फोन नं.-
इमेलः-

अनुसूची-२

(दफा ३ को उपदफा(२) सँग सम्बन्धीत)

स्वःघोषणा-पत्र

जिल्ला............................गा.पा./न.पा.........................वडानं......................बस्ने श्री...................................को छोरा/छोरी बर्ष..........को म.........................................विगत................बर्ष देखी लुम्बिनी प्रदेशमा क्रियाशिल रहि पत्रकारिता पेशामा आबद्ध छु । मैले हालसम्म पत्रकार आचार संहिताको पूर्ण पालना गरिरहेको,प्रेस काउन्सिलबाट कारवाही नभएको र कुनै किसिमको फौजदारी कसुरमा दोषी ठहर भई सजाय नपाएको स्वःघोषणा गर्दछु ।

निवेदक

नामः

हस्ताक्षरः

ठेगानाः

फोन नं.

इमेलः